# सि.सं.२४ प्राविधिक अधिकृत आधार तालिम
# प्रवेश निर्देशन पुस्तिका

२०७५

# तालिम प्रवेश निर्देशन

## साधारण

१. तालिम प्रवेश निर्देशन श्री नेपाली सैनिक प्रतिष्ठानमा तालिम गर्न प्रवेश गर्ने प्राविधिक अधिकृतहरुले तालिमको अवधिमा गर्नुपर्ने कार्यहरु र पालना गर्नुपर्ने नियम तथा निर्देशनहरुबारे जानकारी गराउने पुस्तिका हो । यो निर्देशन पुस्तिकामा विशेष परिस्थितिमा बाहेक तालिमरत प्राविधिक अधिकृत आधार तालिमका शिक्षार्थीहरु तथा शिक्षकहरुले पालना गर्नुपर्ने र जानकारीमा राख्नुपर्ने तालिमका विविध पक्षहरुको संक्षिप्त विवरण समावेश गरिएको छ ।

## श्री नेपाली सैनिक प्रतिष्ठानको संक्षिप्त परिचय

२. नेपाली सेनाका सकलदर्जाहरुलाई तालिम गराउने उदेश्यले वि.सं. २००९ सालमा काठमाण्डौं स्थित छाउनीमा आर्मी स्कुल स्थापना भएको थियो । वि.सं. २०१९ सालमा उक्त स्कुल मकवानपुर जिल्लाको भिमफेदीमा स्थापना भएको र वि.सं. २०२३ सालमा नगरकोटमा स्थानान्तरण भई सोही स्कुलको क्याडेट तालिम विङ्गद्धारा अधिकृत क्याडेट तालिम संचालन गरिदै आएको थियो । अधिकृत क्याडेटहरुलाई तालिम गराउन छुट्टै तालिम केन्द्रको आवश्यकता महसुश भए अनुरुप वि.सं. २०४३ पौष १४ गते भक्तपुर जिल्ला स्थित खरिपाटीमा श्री शाही नेपाली सैनिक प्रतिष्ठानको स्थापना भएको थियो । उक्त प्रतिष्ठान वि.सं. २०६४ सालमा श्री सैनिक प्रतिष्ठान नामाकरण गरिएकोमा वि.सं. २०६६ बैशाख २१ गतेबाट श्री नेपाली सैनिक प्रतिष्ठान पुनः नामाकरण गरी अधिकृत क्याडेट तालिम, पदिक तथा हुद्धा अधिकृत क्याडेट तालिम र प्राविधिक अधिकृत आधार तालिम संचालन गर्दै आइरहेको छ ।

३. विशिष्ट पहिचान बोकेको यस प्रतिष्ठानले वि.सं. २०५६ साल देखि त्रि.वि.वि.को अस्थायी सम्बन्धन प्राप्त गरी अधिकृत क्याडेटहरुलाई समाजशास्त्र संकायमा स्नातक तहको अध्यापन गराउदै आएको छ । यस प्रतिष्ठानले वि.सं. २०६० सालबाट प्राविधिक अधिकृत आधार तालिम र वि.सं. २०६१ सालबाट महिला अधिकृत क्याडेटहरुलाई पनि तालिम प्रदान गर्दै आएको छ ।

४. **श्री नेपाली सैनिक प्रतिष्ठानको आदर्श वाक्य र मूलमन्त्र**

**(क)** **आदर्श वाक्यः** “ज्ञान सेवा नेतृत्व”
"Knowledge Service Leadership"

(ख) **मूलमन्त्रः**

“अनेकतामा एकता जगाऔं, धर्म सदाचार सदा बचाऔं
देशभक्ति गर्नु हो कर्म, कर्तव्य पालना यहि हाम्रो धर्म
माता, पिता र गुरुजनहरुमा राख्छौ सदैव एक समान दृष्टि
लोभ, अहंकार सबै हटाई स्वधर्मनिष्ठ हुनेछौं रमाई” ।

५. **प्रतिष्ठान गान**

ज्ञान सेवा र नेतृत्व हाम्रो मूलमन्त्र
जन्मदै थियौं र रहन्छौं सदैव हामी स्वतन्त्र
राष्ट्र भक्तिमा समर्पण हाम्रो अनन्त ।

केरुङ्ग र नालापानीमा नेपाली झण्डा गाडेथ्यौं
मकवानपुर र रसुवागढीमा वैरीको दोलो काढेथ्यौं ।

माता र मातृभूमि यो प्राणभन्दा प्यारो छ
लोभ, स्वार्थ र अल्छिपन सदैव टाढा भाग्दछ ।

दुःख र पीर भुलेर हामी यो युग हांक्दछौं
सपथ लिन्छौं आज नै मुलुकको शान राख्दछौं ।

नठाने हुन्छ वैरीले नेपालीलाई कमजोर
हामीले आंटे धर्तीमा आउने छ आंधी घनघोर ।

६. **प्राविधिक अधिकृत आधार तालिमका शिक्षार्थीहरुको आचारसंहिता.** “देश र जनता प्रति समर्पित एक प्राविधिक अधिकृत शिक्षार्थीले प्रतिष्ठा तथा इमान्दारीताको जीवनयापन गर्ने छ । उसले कदापी झुट्टा बोल्ने, ठग्ने तथा चोरी गर्ने जस्ता घृणित कार्य गर्ने छैन र त्यस प्रकारको घृणित कार्य गर्ने कुनै व्यक्तिलाई सहन गर्ने पनि छैन ।”

७. **संगठन.** श्री नेपाली सैनिक प्रतिष्ठानको बनावट यस प्रकार रहेको छ ।



**प्राविधिक अधिकृत आधार तालिमको संक्षिप्त जानकारी**

८. **शिक्षार्थी प्राविधिक अधिकृतहरुको प्रण.** देश र जनतालाई शीरमा राखी अनुशासित भई इमान्दारी, बफादारीका साथ मन, बचन र कर्मले नेपाली सैनिक प्रतिष्ठानको नीति, नियम र आदर्श वाक्य **"ज्ञान सेवा नेतृत्व"** लाई आत्मसाथ गरी श्री सरस्वती मातालाई साक्षी राखी आफ्नो उद्देश्य प्राप्तिको लागि दृढ रहने छौं ।

९. **तालिमको उद्देश्य**. लडाई तथा शान्तिको समयमा अन्य फौजहरुसंग समन्वय गरी प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्न सक्ने सक्षम र बफादार प्राविधिक अधिकृत (प्राविधिक से.मु. पति) तयार गर्नु हो ।

१०. **तालिम अवधि.** सिं. सं. २२ प्राविधिक अधिकृत आधार तालिमको तालिम अवधि र चरणहरुको विभाजन निम्न अनुसार रहेको छ ।

(क) प्राविधिक अधिकृत आधार तालिमको पुरा तालिम अवधि – ३ महिना (१२ हप्ता) ।
(ख) प्रथम चरण ६ हप्ता (४ हप्ता ड्रिल स्क्वायर टेष्ट फेज सहित) ।
(ग) दोश्रो चरण ६ हप्ता ।

११. **प्रशिक्षण गर्ने विषयहरु.** शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई तालिमको दौरान निम्न विषयहरुमा प्रशिक्षण र मुल्याङ्कन गरिने छ ।

| सि.नं. | विषय | कैफियत |
|---|---|---|
| १. | ड्रिल | |
| २. | शारीरिक तालिम | |
| ३. | हतियार तालिम | |
| ४. | एफ.सि.बि.सी. | |
| ५. | नक्शा अध्ययन | |
| ६. | यूद्धकला (कन्भेन्सनल) | |
| ७. | यूद्धकला (सि.आई.) | |
| ८. | गेष्ट लेक्चर | |
| ९. | युनिट भिजिट | |
| १०. | फायरिङ्ग | |
| ११. | बाहिरी अभ्यास | |
| १२. | परीक्षा | |
| १३. | विविध | |
| १४. | टर्म ब्रेक | |
| १५. | जगेडा | |

१२. **खेलकुद तथा क्लब व्यवस्था**. तालिमरत प्राविधिक अधिकृतले खेलको समयमा निम्न खेलहरु खेल्न सक्ने छन् ।

(क) फुटबल
(ख) भलिबल
(ग) बास्केटबल
(घ) ब्याडमिन्टन
(ङ) मल्टी जिम
(च) स्विमिङ

**बन्दोबस्ती पक्ष सम्बन्धि निर्देशन:**

१३. **आउट तथा बिदा**. ड्रिल स्क्वायर टेष्ट फेजको अवधिभर शिक्षार्थी प्राविधिक अधिकृतहरु आउट तथा बिदा जान सक्ने छैनन् । तसर्थ उक्त फेजको लागि शारीरिक तथा मानसिक रुपमा तयार भई तालिममा प्रवेश गर्न सल्लाह दिइन्छ । डी. एस. टी. परीक्षा उतिर्ण गरे पश्चात निम्न बिदाहरुमा नियमानुसार आउट पास लिई बिदा जान सकिनेछ ।

(क) सार्बजनिक बिदा
(ख) चाड पर्व बिदा
(ग) टर्म ब्रेक (प्रत्येक चरण समाप्त भएपछि)

**नोट:** माथि उल्लेखित बिदाको दिनहरु बाहेक कारणबस आउट तथा बिदा जानु परेमा तीन दिन अगावै सिलसिलेवार रुपमा निवेदन बढाई स्वीकृति लिई जान पाइनेछ । उक्त अवधीमा छुटेका परेडहरुको रेकर्ड राखिने छ ।

१४. **राशन.** प्रत्येक शिक्षार्थी प्राविधिक अधिकृतहरुले स्केल अनुसारको राशन पाउने छन् । थप मेस सुविधाको लागि तालिमरत प्राविधिक अधिकृतहरुको मेस सचिवले प्रतिष्ठानको प्रबन्ध अधिकृत र मेस कमाण्डरसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्ने छन् ।

१५. **तलव / भत्ता.** शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई तलव /भत्ता आ-आफ्नो युनिटबाट प्राप्त हुने छ ।

१६. **प्रेशि**. शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई आवश्यक तालिम प्रेशीहरु प्रतिष्ठानको पुस्तकालयबाट प्रदान गरिने छ । उक्त प्रेशीहरुको फोटोकपी, डिजिटल कपी तयार गर्न तथा अनाधिकृत व्यक्तिहरुलाई दिन सख्त मनाही गरिएको छ । तालिम समाप्त भए पश्चात् ती प्रेशीहरु फिर्ता गनुपर्ने छ ।

**बिरामी सम्बन्धि निर्देशन.**

१७. तालिमको दौरान बिरामी परेका शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई समस्याको प्रकृति हेरी डाक्टर अधिकृतको सिफारिसमा विभिन्न क्याटगोरीमा वर्गिकरण गरी उपचार गरिन्छ । कुनै किसिमको बिरामी भई परेड गर्न नसक्ने अवस्था भएमा डा. अधिकृतले सिफारिस गरे अनुसारको मेडिकल चिट लिएको हुनु पर्ने छ र उक्त चिट शिक्षकले चेक गर्न चाहेको समयमा देखाउनु पर्नेछ । औषधी सेवन गरिरहेका शिक्षार्थी प्राविधिक अधिकृतहरुको हकमा कम्तीमा एक महिनाको लागि आवश्यक औषधी साथमा लिएर आउन सल्लाह दिइन्छ । साथै सेवन गर्ने औषधी र सो को प्रिशकिप्सन प्रतिष्ठानको डा. अधिकृतलाई देखाउनु पर्नेछ ।

**अनुशासन सम्बन्धि निर्देशनः**

१८. तालिमरत प्राविधिक अधिकृतहरुले नेपाली सेना र नेपाली सैनिक प्रतिष्ठानको प्रचलित नियम तथा आदेशहरुको सदैव पालना गर्नु पर्ने छ । कुनै प्राविधिक अधिकृतले अनुशासन भङ्ग गरेमा सजायको भागी हुने छ र गल्ती दोहोऱ्याएमा वा गल्तीको प्रकृति अनुसार शिक्षाधिकृतमा पेश गरी तालिमबाट निष्काशन गरिने छ । यदि कुनै शक्षार्थी प्राविधिक अधिकृतले अन्य शक्षार्थी प्राविधिक अधिकृत, अधिकृत क्याडेट तथा शिक्षक अधिकृत/ पदिक/ बिल्लादारहरुलाई अभद्र र शिक्षार्थी अधिकृत नसुहांउदो व्यवहार गरी अनुशासन भङ्ग गरेमा पनि तालिमबाट निष्कासन गर्न सकिने छ ।

१९. शिक्षार्थी प्राविधिक अधिकृतहरुले पोस्चर सही राख्न निम्न कार्यहरु गर्न सक्ने छैनन् ।

(क) कम्मरमा हात राख्न ।

(ख) गोजीमा हात राख्न ।

(ग) एक खुट्टा खुम्चाएर उभिन ।

(घ) उपर खुट्टी लगाएर बस्न ।

(ङ) ढल्किन (बस्दा, हिड्दा र उभिंदा)

**चरण झार्ने तथा निष्कासन गर्ने सम्बन्धी नियमः** निम्न अवस्थाहरुमा शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई चरण झार्न र तालिमवाट निष्कासन गर्न सकिने छ ।

२०. **परीक्षा मूल्यांकनको आधारमा.** शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई मुल्यांकन गरिने विषयहरुमा न्युनतम स्तर (४० प्रतिशत) हासिल गर्न नसकेमा चरण झारिने छ । प्रत्येक चरणमा संचालन गरिने कुनै पनि बाहिरी अभ्यास छुट्न गएमा पनि चरण झारिने छ ।

२१. **बिरामीको हकमाः** कुनै शिक्षार्थी प्राविधिक अधिकृत लाइन सिक, एम.आई. रुममा भर्ना भई वा मि.अ. भर्ना भई वा अन्य कुनै कारणबाट एक चरणमा लगातार १० र पटक पटक गरी १५ दिन सम्म कक्षा छुट्न गएमा वा तालिम अवधीभर २० दिन सम्म कक्षा छुट्न गएमा चरण झार्न सकिने छ । साथै अस्पतालका डा.अधिकृतले कुनै प्राविधिक अधिकृतहरुलाई मेडिकल अनफिट भनी सेवा अयोग्य ठहऱ्याएमा तालिमबाट निष्कासन गरिने छ ।

२२. **अनुशासनको हकमाः** प्यारा १८ अनुसार ।

२३. **भगुवा / गयर खाली सम्बन्धि नियमः** आउट वा घण्टे जाने शिक्षार्थी प्राविधिक अधिकृतहरु केही घण्टा मात्र गयर परेमा शिक्षक अधिकृतले एक दिन देखि ३ दिन सम्म, गुल्मपतिले ३ दिन देखि १ हप्ता सम्म, प्रमुख शिक्षकले वा शिक्षाधिकृतले १ हप्ता देखि १५ दिन सम्म सजाय तोक्न सक्ने छ । यदि कुनै शिक्षार्थी प्राविधिक अधिकृतहरु ७ दिन भन्दा बढी गयर परेमा शिक्षार्थी प्राविधिक अधिकृतहरुलाई गयर खाली चलाई, पक्राउ गरी सरकारी खर्च (तालिम खर्च, भत्ता, बन्दोबस्त खर्च) असुल उपर गरी निष्कासन गर्न सकिने छ । गयर परी ७ दिन भित्र फिर्ता आएमा अनुशासन भङ्ग गरेको अभियोगमा चरण झार्न सकिने छ । आवश्यकता अनुरुप सैनिक ऐन बमोजिम पनि कारवाही हुनेछ ।

२४. **सर्म्पक ठेगानाः**

श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी, भक्तपुर
फोन नं. ०१–६६१०२८८ (तालिम कार्यालय)
०१–६६१०३०१ (कार्याधिकृत तथा प्रबन्ध अधिकृत)
०१–६६१८८३६ (एक्सचेञ्ज)

इमेलः nmatrg@gmail.com
वैब साइटः www.nma.mil.np

**विविध:**

२५. (क) तालिम अवधिभर शिक्षार्थी प्राविधिक अधिकृतहरुले सिभिल प्राध्यापक, अधिकृत र पदिक तथा अन्य दर्जाका शिक्षकहरुलाई उचित सम्मान दिनु पर्दछ । समय अनुसार अधिकृत तथा प्राध्यापकहरुलाई गुड मर्निङ्ग सर/गुड आफ्टरनुन सर, पदिक शिक्षकलाई राम राम साहेब र बिल्लादार शिक्षकलाई राम राम वस्ताजको अभिवादन गर्नुपर्छ ।

(ख) शिक्षार्थी लाइन बाहेक एक ठाउंबाट अर्को ठाउंमा जादां कम्तिमा पनि चार जनाको समूहमा हुनु पर्नेछ ।

(ग) तालिम संचालन भएको ४ हप्ता सम्म आउटिङ्ग तथा कसैलाई पनि भेट्न पाइने छैन । डि.एस.टी पास भएका प्राविधिक अधिकृतले ४ हप्ता पछि मंगलबार १६०० बजेबाट १७०० बजेसम्म र बिदाको दिन १२०० बजेबाट १६०० बजेसम्म मनोरञ्जन हलमा भेट्न पाइनेछ । पाहुना भेट्दा एकेडेमी ड्रेश वा कार्यालय पोशाकमा भेट्नु पर्नेछ ।

(घ) तालिम अवधिभर आफूले उपयोग गरेको प्रतिष्ठानको सर सामान, कोठा, फर्निचरहरु नाश गरे वा हराएमा सो को हर्जाना तिर्नु पर्नेछ ।

(ङ) बहुमूल्य सामानहरु नल्याउन सल्लाह दिइन्छ ।

(च) तालिम अवधिभर पकेट खर्चको लागि रु २०००।- भन्दा बढी नल्याउन सल्लाह दिइन्छ ।

(छ) हिटर, डि. भि. डि. लगायतका कुनै पनि अन्य सामानहरु प्रयोग गर्न पाइने छैन ।

(ज) तालिम अवधिमा क्याम्पस/युनिभर्सिटीमा परीक्षा दिन पाइने छैन, तर ब्याक पेपर लागेको विषयहरुमा भने स्वीकृति लिएपछि परीक्षा दिन पाइने छ ।

(झ) तालिम अवधिभर चुरोट, खैनी र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ञ) निषेधित इलाका तथा परेड बाहेक अन्य समयमा ड्रिल स्क्वायर ग्राउण्डमा हर्कत गर्न पाइने छैन ।

(ट) शिक्षार्थी प्राविधिक अधिकृतहरुले निर्धारित मेश नियम पालना गर्नु पर्नेछ ।

(ठ) तालिम अवधिभर कुनै पनि व्यक्तिगत हातहतियार आदेशमा बाहेक साथमा राख्न सक्ने छैन ।

(ड) शिक्षार्थी प्राविधिक अधिकृतहरुले आफुलाई परेको कुनै पनि समस्या, सुझावहरु सिलसिलेवार प्रतिबेदन गर्न सक्ने छन् ।

(ढ) शिक्षार्थी प्राविधिक अधिकृतहरुले गनुपर्ने शर्तनामा कागज परिशिष्ट "क" अनुसार हुनेछ ।

(ण) तालिममा आउदा शिक्षार्थी प्राविधिक अधिकृतहरुले व्यक्तिगत रुपमा ल्याउनु पर्ने सामानहरु परिशिष्ट "ख" अनुसार हुनेछ ।

(त) तालिमको दौरान श्री नेपाली सैनिक प्रतिष्ठानबाट निःशुल्क उपलब्ध हुने सामानहरु परिशिष्ट "ग" अनुसार हुनेछ ।

(थ) १४ आइटममा हुनुपर्ने सामानहरुको विवरण परिशिष्ट "घ" अनुसार हुनेछ ।

(द) प्राविधिक अधिकृत आधार तालिमको समय तालिका परिशिष्ट "ङ" अनुसार हुनेछ ।

२६. तपाईहरुको श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटीको बसाई सुखमय रहोस् र तालिम फलदायी तथा सफल होस् भन्ने कामना गर्दछौं ।

आषाढ, २०७४
खरिपाटी भक्तपुर ।

परिशिष्ट 'क'
(पेज नं. ५ को प्यारा २५ 'ढ' संग सम्बन्धित)

## शर्तनामाको कागज

## (प्राविधिक अधिकृत आधार तालिम)

लिखितम.........................अञ्चल,.....................जिल्ला,.......................म.न.पा/ उ.म.न.पा./न.पा./गा.वि.स., वडा नं. .......बस्ने ..........................को नाती/नातिनी ....................को छोरा/छोरी वर्ष.........को .......................... आगे, मैले नेपाली सेनामा रिक्त रहेको प्राविधिक अधिकृत पदको लागि आवेदन दिएकोमा सम्पूर्ण परीक्षाहरु उत्तीर्ण गरी प्राविधिक अधिकृत आधार तालिमको लागि छनौट भई श्री सैनिक प्रतिष्ठान, खरिपाटी, भक्तपुरमा सचांलन हुने ..... (..............) महिनाको सि.सं........ प्राविधिक अधिकृत आधार तालिम गर्नको निमित्त आजैका मितिबाट तालिममा सहभागी भई नेपाली सेनाको प्रचलित ऐन, नियम तथा समय समयमा जारी गरिने निती, निर्देशन एवं यस प्रतिष्ठानको तालिम सचालन सम्बन्धि निर्देशिकामा तोकिए बमोजिम प्राविधिक अधिकृत आधार तालिम पुरा गर्नेछु। उक्त तालिम पुरा नगरी तालिम अवधिभर कुनै पनि समयमा तालिम छोडी भागेमा वा अन्य कुनै पनि प्रकारले सेवाबाट अलग भएको अवस्थामा कानुन बमोजिम हुने सजांयका अलावा मलाई तालिम गराउदां लागेको नेपाल सरकारको सम्पूर्ण खर्च तिर्न बुझाउन मञ्जुर छु, नतिरे नबुझाएमा मेरा घर घराना जायजेथाबाट असुल उपर गरी लिएमा समेत पछि होईन छैन भनी कहिं कतै कुनै उजुर वाजुर केही गर्ने छैन गरेमा यसै कागजद्धारा बदर होस भनी मेरा मनोमान राजिखुसिले यो शर्तनामाको कागज गरी श्री नेपाली सैनिक प्रतिष्ठान मार्फत नेपाल सरकारमा चढाएं। ईति सम्बत् २०...... साल .................महिना ......गते रोज.....शुभम्.....।

पासपोर्ट साइजको
फोटो

दा. बा.

परिशिष्ट 'ख'
(पेज नं. ५ को प्यारा २५ 'ण' संग सम्बन्धित)

## प्राविधिक अधिकृत आधार तालिमको लागि खरिपाटी आउदा व्यक्तिगत रुपमा ल्याउनु पर्ने सामानहरुको लगत

| सि.नं. | सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय पोषाक - सेतो लबेदा सुरुवाल (पुरुष), सारी चौबन्दी चोली (महिला) | जोर | १ | |
| २ | कालो सुट,कोट कभर (सादा कालो), सेतो सर्ट, कालो टाई | गोटा | १/१ | |
| ३ | मोजा कालो र सेतो | जोर | ४/४ | |
| ४ | छालाको कालो जुत्ता (लेश भएको) | जोर | १ | नमुना अनुसार |
| ५ | खरानी रंगको पाइन्ट, सेतो कमिज | जोर | १ | |
| ६ | कालो भादगाउंले टोपी र ढाकाको टोपी | गोटा | १/१ | पुरुष |
| ७ | कार्यालय पोषाक (बेरेट क्याप सहित) | जोर | १ | |
| ८ | चुस्ता | जोर | २ | |
| ९ | ट्युनिक | जोर | १ | |
| १० | आर्मी रेन सुट/पन्चु | जोर | १ | |
| ११ | क्यामोफ्लाइज भेष्ट र कट्टु | गोटा | २/२ | |
| १२ | नाइट ड्रेस | जोर | १ | |
| १३ | स्वीमिङ कस्ट्यूम | गोटा | १ | |
| १४ | सेण्डो गन्जी सेतो | गोटा | ६ | |
| १५ | Slacks (Plain Black) | जोर | २ | महिला |
| १६ | अण्डर गार्मेण्ट | जोर | ४ | |
| १७ | चप्पल | जोर | १ | |
| १८ | तौलिया रुमाल ठूलो बेर्न पुग्ने | गोटा | १ | |
| १९ | हाते रुमाल (सेतो) | गोटा | ४ | १' x १' |
| २० | कालो Hair Bun Net | गोटा | २ | महिला |
| २१ | हयाङ्गर | दर्जन | १ | |
| २२ | गोल्ड स्टार जुत्ता (कालो) | जोर | १ | |
| २३ | Sport Shoes (सेतो) | जोर | १ | |
| २४ | बुठ | जोर | २ | |
| २५ | क्यानभास | जोर | १ | |
| २६ | इनसोल | जोर | २ | |
| २७ | बुठ पोलिश र ब्रश | गोटा | ६ | |
| २८ | मण्डी | जोर | १ | |
| २९ | स्लिपिङ्ग ब्याग | गोटा | १ | |
| ३० | रोल म्याट | गोटा | १ | |
| ३१ | इमर्जेन्सी लाइट | जोर | १ | |
| ३२ | खुकुरी (साइज ८ इन्च) | गोटा | १ | |
| ३३ | Extension Cord | गोटा | १ | |
| ३४ | Bungee Cord (कालो) | गोटा | २ | |
| ३५ | एकेडेमी ह्याण्ड ब्याग | गोटा | १ | |
| ३६ | Silva Compass | गोटा | १ | |
| ३७ | First Aid Kit Set | गोटा | १ | |

| | | | | |
|---|---|---|---|---|
| ३९. | **अन्य सामानहरु**<br>(क) सियो, धागो, टांक, (सेतो, कालो र हरियो)<br>(ख) सेभिङ्ग किट (रेजर र फोम) (८ हप्ताको लागि आवश्यकता अनुसार<br>(ग) टुथ ब्रश र मन्जन<br>(घ) नुहाउने साबुन र Shampoo<br>(ङ) लुगाधुने साबुन<br>(च) ताल्चा साचो (कि रिङ्ग समेत)<br>(छ) नेल कटर<br>(ज) हेयर आयल<br>(झ) इलेक्ट्रीक आइरन<br>(ञ) ब्रासो (झोल)<br>(ट) इलाष्टिक (कालो)<br>(ठ) टर्च लाइट ब्याट्री सहित (कालो)<br>(ड) सेतो मलमलको कपडा<br>(ढ) साइन पेन/बोर्ड मार्कर विभिन्न रंगको<br>(ण) ट्वाइलेट पेपर<br>(त) काइयो र ऐना<br>(थ) स्टेशनरी सामानहरु (नोट, बुक, पेन, पेन्सिल, कटर, इरेजर, स्केल, प्लाष्टिकको क्लिप बोर्ड, नेपाली फाइल, फुलिस्केप र फोटोकपि पेपर)<br>(द) बाक्लो प्लाष्टिक (कालो)<br>(ध) सेतो डोरी<br>(न) १४ आइटमका सामानहरु<br>(प) पासपोर्ट साइजको फोटो<br>(फ) टि मग<br>(ब) फाइन टिप (सबै कलरको)<br>(भ) Dictionary (सानो)<br>(म) Extra Lace<br>(य) क्यामोफ्लाईज भेष्ट र कट्टु<br>(र) Camouflage Cream (कालो, हरियो, खैरो)<br>(ल) जीवन जल आवश्यकता अनुसार<br>(व) कालो डोरी (नाइलनको ५० मिटर)<br>(श) पानी खाने ग्यालन १० लिटर को<br>(ष) लम्बाई २४ ईन्च, चौडाई १८ ईन्च र उचाई १२ ईन्च भएको कालो टिनको बाकस (सेतो ईनामेलले नाम लेखेको)<br>(स) Water Proof Plastic (वर्गन कभर भित्रको लागि)<br>(ह) Black Kid Bag /Commando Bag | सेट<br>सेट<br>सेट<br>गोटा<br>गोटा<br>सेट<br>गोटा<br>बोतल (सानो)<br>गोटा<br>बोतल<br>मिटर<br>गोटा<br>मिटर<br>सेट<br>रोल<br>सेट<br>गोटा<br>आवश्यकता अनुसार<br>मिटर<br>मिटर<br>सेट<br>प्रति<br>गोटा<br>सेट<br>गोटा<br>जोर<br>जोर<br>गोटा<br>(समुहमा)<br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | १<br>१<br>१<br>३/१<br>३<br>१।१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१/१<br>३<br>१<br>१<br>१/१<br>५<br>५<br>१<br>२<br>१<br>१<br>१<br>१<br>२/२<br>१/१/१<br>१<br>१<br>१<br>१ | अभ्यासको लागि |
| ४०. | **खेल पोशाक**<br>(क) पि.टी. कट्टु (मरुन)<br>(ख) एकेडेमी पि.टी. भेष्ट<br>(ग) गुल्म टि-सर्ट (गुल्म रङको)<br>(घ) ट्राउजर (मरुन)<br>(ङ) फ्लिस ज्याकेट (मरुन) | जोर<br>जोर<br>जोर<br>जोर<br>जोर | २<br>२<br>१<br>१<br>१ | |

परिशिष्ट 'ग'
(पेज नं. ५ को प्यारा २५ 'त' संग सम्बन्धित)

## श्री नेपाली सैनिक प्रतिष्ठानबाट निःशुल्क उपलब्ध हुने सामानहरु

| सि.नं. | सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | **एकेडेमिक ड्रेश**<br>(क) ब्लेजर कोट (निलो)<br>(ख) खरानी रङ्गको पाइन्ट<br>(ग) एकेडेमी टाई<br>(क) सेतो कमिज | <br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | <br>१<br>१<br>१<br>१ | |
| २. | **बेडिङ्ग आइटम**<br>(क) क्वायर म्याट्रेस कभर सहित<br>(ख) सिरानी र सिरानीको खोल<br>(ग) बेड सिट<br>(घ) ब्ल्याङकेट | <br>गोटा<br>जोर<br>गोटा<br>गोटा | <br>१<br>१/२<br>१<br>१ | तालिम समाप्त भएपछि फिर्ता गर्ने गरी |
| ३. | तालिम प्रेशीहरु | सेट | १ | |
| ४. | फिनिडा म्याप–२७८५०६ B (भक्तपुर) | गोटा | १ | |
| ५. | झोला पौंच | सेट | १ | |
| ६. | ठुलो झोला | गोटा | १ | |
| ७. | हेलमेट | गोटा | १ | |

परिशिष्ट 'घ'
(पेज नं. ५ को प्यारा २५ 'थ' संग सम्बन्धित)

**१४ आइटममा हुनुपर्ने सामानहरुको विवरण**

| सि.नं | विवरण | एकाई | परिमाण | कै |
|---|---|---|---|---|
| १ | तौलिया रुमाल | जोर | १ | |
| २ | ऐना, काइयो र ब्लेड | सेट | १ | |
| ३ | सियो, धागो र टांक (बासा सहित) | सेट | १ | |
| ४ | मोजा | जोर | १ | |
| ५ | ब्रश र मञ्जन | सेट | १ | |
| ६ | क्यानभास जुत्ता | जोर | १ | |
| ७ | अण्डर गार्मेन्टस | जोर | १ | |
| ८ | पी.टी. गञ्जी | जोर | १ | |
| ९ | क्यामोफ्लाइज भेष्ट | जोर | १ | |
| १० | साबुन र साबुन केश | सेट | १ | |
| ११ | बुठको लेश | जोर | १ | |
| १२ | मिष्टिन बट्टा | गोटा | १ | |
| १३ | सेभिङ किट /क्यामो क्रिम (महिला को लागि) | सेट | १ | |
| १४ | पी क्याप वा बाल क्याप | जोर | १ | |

परिशिष्ट 'ङ'
( पेज नं. ५ को प्यारा २५ 'द' संग सम्बन्धित)

## परेड समय तालिका

| सि.नं. | विवरण | समय | कैफियत |
|---|---|---|---|
| १ | मष्टर फल इन | ०५०० | |
| २ | पी.टी. परेड | ०६३०-०७४५ | |
| ३ | ब्रेक फाष्ट | ०७४५- ०८३० | |
| ४ | बिहानी सत्र | ०८३०- ११३० | ४ पिरियड |
| ५ | लञ्च | ११३०- १२३० | |
| ६ | दिवा सत्र | १२३०- १५३० | ४ पिरियड |
| ७ | टि ब्रेक | १५३०- १६०० | |
| ८ | खेल परेड | १६००- १७०० | डि.एस.टी. फेजमा ड्रिल परेड हुनेछ। |
| ९ | रोलकल | १७३०- १८०० | |
| १० | डिनर | १८००- १९०० | |
| ११ | बन्दोबस्ती तथा सेल्फ स्टडी | १९००- २२०० | |
| १२ | लाइट डाउन | २२०० | |

**नोट :**

(क) डि.एस.टी. फेज पश्चात परेड समय परिवर्तन हुनेछ।
(ख) खेल तथा बन्दोबस्ती समयमा एक्स्ट्रा परेडहरु संचालन हुनेछन्।